बाल सन्दर्भसामग्री

बाल बोध -५५

# हाम्रा सन्तमहात्माहरू

(जीवनी)



922
CDC-h
2063 c.2


बाल सन्दर्भसामग्री

बालबोध - ५५

# हाम्रा सन्तमहात्माहरू

(जीवनी)

सुमन पोखरेल



नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

**प्रकाशक :** नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

© **सर्वाधिकार प्रकाशकमा सुरक्षित**

**पहिलो संस्करण :** २०६३

**लेखन :** **सुमन पोखरेल**

**सामग्री संयोजन :** शम्भुप्रसाद दाहाल

**सम्पादन :** जयप्रसाद लम्साल

**भाषा सम्पादन :** विष्णुप्रसाद अधिकारी
लोकप्रकाश पण्डित

**चित्राङ्कन तथा आवरण :** टार्जन राई

**टाइपसेटिङ :** जयराम कुइँकेल तथा अनिल थापा

ISBN : 99933 - 714 - 5 - 9

**छपाइ प्रति :** **५००० प्रति**

**मुद्रण :** **चित्रवन प्रिन्टर्स (प्रा.) लि., चितवन फोन ०५६-५३२७४८**

Ac. 1071 c2

# हाम्रो भनाइ

शिक्षणसिकाइ प्रक्रियालाई रुचिपूर्ण र प्रभावकारी बनाउन पाठ्यक्रम र पाठ्यपुस्तकको प्रयोगका अतिरिक्त विभिन्न प्रकारका शैक्षणिक सामग्रीको उपयोग पनि आवश्यक हुन्छ । हाम्रो जस्तो देशमा पाठ्यपुस्तकलाई नै शिक्षणसिकाइको निर्विकल्पिक पाठ्यसामग्रीका रूपमा प्रयोग गर्ने प्रचलन रहेको छ । तर विद्यार्थीको रुचि र क्षमताअनुसार उनीहरूभित्र लुकेर रहेको क्षमताको प्रस्फुटन गर्नका लागि शिक्षणसिकाइ प्रक्रियामा पाठ्यपुस्तकका अतिरिक्त विविध बाल सन्दर्भसामग्रीको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यसै तथ्यलाई दृष्टिगत गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सघाउने उद्देश्यले यो बाल सन्दर्भसामग्री विकास गरिएको हो ।

प्राथमिक तहका बालबालिकाहरूको मनोवैज्ञानिक, संवेगात्मक तथा बौद्धिक स्थितिलाई लक्षित गर्दै विकास गरिएका यी सामग्रीहरूमा सरल भाषाको माध्यमबाट मनोरञ्जनात्मक पढाइ, शब्द ज्ञान, पठन गति, नवीन ज्ञान एवम् खोजपरक धारणाको विकास गरी सहपठनको बानीलाई प्रेरित गर्दै स्वाध्ययनमा निरन्तरता दिई उनीहरूले आर्जन गरेका असल सोच, प्रवृत्ति तथा व्यवहारलाई जीवनशैलीमा उतार्न सकून् भन्ने अभीष्ट राखिएको छ ।

विगतका वर्षहरूमा विविध ५३ ओटा शीर्षकमा बाल सन्दर्भसामग्रीहरू प्रकाशित भइसकेका छन् । यस वर्षमा पनि अन्य ५ ओटा शीर्षकसमेत थप गरी ५८ ओटा सामग्रीहरू प्रकाशित भएका छन् । सामग्रीहरू सकेसम्म बहुआयामिक, सरल, तथा बोधगम्य तवरले निर्माण गर्ने प्रयास भएका छन् । बालबालिकाहरूले हाम्रा सन्तमहात्माहरूले गरेको त्यागबाट त्याग गर्ने प्रेरणा पाऊन्, उनीहरूका सन्देश पालना गरेर शान्ति र प्रगति पथमा लागून र सन्त महात्माहरू कसरी दीर्घजीवी भए भन्ने चिन्तन गरून भन्ने सोच राखेर यो सामग्री तयार गरिएको हो ।

सामग्रीलाई अझै उद्देश्यमूलक, उपलब्धिमूलक एवम् गुणस्तरीयता प्रदान गर्ने प्रयासमा विद्यार्थी, शिक्षक, लेखक, अभिभावक एवम् बुद्धिजीवीबाट समेत थप सल्लाह र सुझावको अपेक्षा गर्दछौं ।

२०६३

लक्ष्मीप्रसाद खत्री
कार्यकारी निर्देशक
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

# विषयसूची



| क्र.स. | | शीर्षक | पृष्ठसङ्ख्या |
|---|---|---|---|
| १ |  | अँध्यारो बस्तीका उज्याला तारा : महागुरु फाल्गुनन्द | १ |
| २ |  | दीर्घजीवी स्वामी : खप्तडबाबा | ५ |
| ३ |  | शिवपुरी बाबा | ८ |
| ४ |  | अवतारी साधु स्वर्गद्वारी महाप्रभु | १२ |
| ५ |  | समाज सुधारक सन्त ज्ञानदिलदास | १५ |
| ६ |  | सङ्घर्षका प्रतीक डा. स्वामी प्रपन्नाचार्य | १९ |
| ७ |  | धर्मवीर कर्मवीर योगी नरहरिनाथ | २३ |
| ८ |  | सरलता र चमत्कारका प्रतिमूर्ति गलेश्वरबाबा | २६ |
| ९ |  | शिक्षाप्रेमी, बाबागुरु ब्रह्मचारी षडानन्द | २९ |

# अँध्यारो वस्तीका उज्याला तारा : महागुरु फाल्गुनन्द



नेपाल धेरै जातजातिहरूको बसोबास भएको मुलुक हो । नेपाली समुदायलाई अगाडि बढाउन विभिन्न जातजातिका महापुरुषहरूबाट महत्त्वपूर्ण योगदान रहने गरेको छ । त्यस्तै समाजलाई सही बाटो देखाउन विभिन्न गुरुहरूको पनि उत्तिकै योगदान रहने गरेको छ । किराँती समुदायमा जन्मिएका महागुरु फाल्गुनन्द यस्तै गुरु हुन् ।

फाल्गुनन्दको जन्म मेची अञ्चलको इलाम जिल्लामा वि.सं. १९४२ मा भएको थियो । उनी लिम्बू परिवारमा जन्मिएका थिए । उनको बाल्यकालको नाम नरध्वज लिङ्देन थियो । गाउँघरमा उनीलाई फलामसिंह भनेर बोलाइन्थ्यो ।



फलामसिंहले सानै उमेरमा ठूलो दुःख पाए । उनी सानै हुँदा आमा परलोक भइन् । राम्ररी हिँड्न सक्ने भएपछि उनी भेडागोठालो भए । उनका बाबु कामको खोजीमा घरबाहिरै हुन्थे । सौतेनी आमाका साथमा बस्दा उनले घरका सबै काम गर्नुपर्थ्यो ।

फलामसिंह सानो छँदै उनका आमाबुबा उनीलाई गाउँमै छाडेर बर्मातिर लागे । फलामसिंह काकाकाकीसँग बस्न थाले ।

काकाकाकीको स्वभाव उनीसँग मेल खाने खालको थिएन । उनी कुखुरा पालेर जीविका चलाउन थाले । शाकाहारी फलामसिंह कुखुरा पाल्थे तर खाँदैनथे ।

अठार वर्षको हुँदा उनले तिब्बतको ल्हासामा कुल्लीको काम गरे । जस्तो काम गर्नुपरे पनि उनी हार मान्दैनथे ।

फलामसिंहको परिवार र समाजमा पढेका मानिस थिएनन् । उनका आफन्तहरू जाँडरक्सीले मात्तिने गर्थे । पूजापाठ, धर्मकर्ममा कसैको मन थिएन । आफन्त सबैले जाँडरक्सी खाएको देख्दा उनलाई दिक्क लाग्थ्यो ।

कामको खोजीमा फलामसिंह बर्मा गएर सैनिक भए । सैनिकमा काम गर्दा पनि उनको मन ध्यानपूजामा लागिरहन्थ्यो । उनी 'ध्यानी हवल्दार' का नामले परिचित भए ।

एकदिन फलामसिंह बर्माको इरावती नदीमा नुहाउन गएका थिए । उनले एकजना सन्त भेटे । मधुनन्दन नाम गरेका ती नेपाली सन्तगुरूसँग उनले लामो समयसम्म सत्सङ्ग गरे । तिनै गुरुबाट शिक्षादिक्षा लिए । त्यसपछि उनी फाल्गुनन्द सरस्वती सत्यहाङ्मा नामले चिनिए ।



साधुसन्तहरू एकै ठाउँमा बस्दैनन् । उनीहरू विभिन्न ठाउँको यात्रा गर्दै मानिसलाई सत्य सन्देश दिइरहन्छन् । फाल्गुनन्दले पनि आफ्नो पल्टने जीवन छाडेर अनेक तीर्थस्थलहरूको भ्रमण सुरु गरे । उनी जहाँजहाँ जान्थे समाजसेवा, शिक्षा, परोपकार र अहिंसाको उपदेश दिन्थे ।

फाल्गुनन्द धेरै वर्षपछि आफ्नो गाउँघर सुधार्न जन्मस्थल फर्के । उनले आफ्नै गाउँमा मन्दिर निर्माण गराए । विभिन्न धर्मशाला बनाए । फाल्गुनन्दले सामाजिक विकृतिलाई निर्मूल पार्न पहिलोपटक ठूलो जनसभा गरे । त्यस जनसभामा पूर्वीक्षेत्रका धेरै किराँतीहरू जम्मा भए ।

फाल्गुनन्दका कुरा सुनेर जम्मा भएका किराँतीहरू छक्क परे । फाल्गुनन्दले बताएका कुरामा उनीहरूको विश्वास बढ्यो । जाँडरक्सी, मासु खाने र अन्य दुर्व्यसनीले आफ्नो चरित्र सुधार्ने सङ्कल्प गरे । धर्मकर्म, पूजापाठमा उनीहरूको रुचि जाग्यो ।

फाल्गुनन्दले आध्यात्मिक शक्ति र योग शक्ति प्राप्त गरेका थिए । उनी अनौठा चमत्कार देखाउन सक्थे । भनिन्छ, उनले यज्ञ गर्दा यज्ञकुण्डबाटै वर्षा हुन्थ्यो । गाउँमा

पहिरो जाँदा उनले आफ्नो शक्तिले नियन्त्रण गरिदिन्थे रे । बिरामी मानिस उनको हेराइबाटै निको हुन्थे रे ।

फाल्गुनन्द शिक्षाप्रेमी थिए । उनले आफ्नो भाषाको लिपि (लेख्य चिन्ज़्) निर्माण गरे । त्यस लिपिबाट आफ्नो भाषामा कर्मकाण्ड (पूजापाठ गर्ने तरिका) को पुस्तक तयार पारे ।

फाल्गुनन्दका उपदेशहरू कहिल्यै नमासिने खालका छन् । उनका सन्देशले मानिसलाई उपकारी, गुणी, धर्मी, चरित्रवान् बनाउन सघाउँछन् । उनले भनेका छन् , "यस संसारमा सबैभन्दा ठूलो खेती परमात्माको भक्ति र तपस्या गर्नु हो । मातापिता र गुरुको सदैव सेवा गर्नुपर्छ । जुवा खेल्नु हुँदैन । खराब काम गर्दा डराउनुपर्छ । कसैको विश्वास तोड्नु हुँदैन । अतिथिसत्कार, यज्ञ, तप, दान गर्दै जानुपर्छ । धर्मशास्त्रको अध्ययन गर्नाले मानिसले सुख सन्तोष पाउँछ ।"

फाल्गुनन्दको समाजमा गरिबी व्याप्त थियो । यसको कारण भोज र मोजमा डुब्ने प्रवृत्ति थियो । फाल्गुनन्दले चाडपर्वका नाममा फजुल खर्च गर्न नहुने, छोरीचेलीको बिहेमा सुद (उपहार) लिन नहुनेजस्ता कुरा पनि सिकाए । उनले सरसफाइको सन्देश पनि दिए ।

सन्तमहात्माले कालगतिलाई बुझेका हुन्छन् । जन्म र मृत्युको रहस्यलाई बुझेर नै उनीहरूले पुण्य काम गर्छन् । फाल्गुनन्दलाई पनि आफ्नो अन्तिम समयको जानकारी थियो । यस धर्तीबाट बिदा हुनुपूर्व उनले मठमन्दिर, खोला, डाँडा आदिसँग बिदा मागेर निस्के । उनी हिमालयको काखमा आफ्नो देहत्याग गर्न चाहन्थे । बाटामा हिँड्दै जाँदा उनी 'पातले' भन्ने ठाउँमा पुगे । त्यहीं उनलाई व्यथाले च्याप्यो । अनि तीन पटक ॐ उच्चारण गरे । त्यसपछि उनको आत्मा उडेर गयो ।


# २ दीर्घजीवी स्वामी खप्तडबाबा



भारतको कस्मिरमा शिवनाथ डोग्रा नाम गरेका मानिस थिए । अथक मिहिनेतले उनी धुरन्धर डाक्टर बने । आफ्नो पेसाबाट उनले नाम र दाम कमाए । तर त्यो नाम र दामले उनलाई सन्तुष्टि दिन सकेन । अन्त्यमा आफ्नो धनसम्पत्ति र बाबुआमालाई त्यागेर उनी साधु बने ।

सुन्दा यो कथा अपत्यारिलो जस्तो छ । तर यो सत्य घटना हो । यस्तो त्याग गर्ने महापुरुष हुन् - खप्तडबाबा । उनी आज नेपाल र नेपालीका पूज्य स्वामीका रूपमा चिनिन्छन् ।

खप्तड बाबाले भारतका विभिन्न ठाउँको यात्रा गरे । यस क्रममा एकजना विद्वान् गुरु शान्तानन्द सरस्वतीसँग उनको भेट भयो । यसपछि उनको धार्मिक पुनर्जन्म भयो । पछि यिनको नाम स्वामी सच्चिदानन्द सरस्वती रह्यो । विज्ञान विषयमा निपुण भइसकेका सच्चिदानन्दले आफ्नो गुरुको आज्ञाअनुसार फेरि पढ्न सुरु गरे । उनले लगातार बाह्र वर्षसम्म वेद, उपनिषद्, गीता, पुराण आदि रुचिपूर्वक अध्ययन गरे ।



उनी एकान्तप्रेमी थिए । निर्जन ठाउँमा ईश्वर चिन्तन गर्नु उनको स्वभाव थियो । त्यस्तो ठाउँको खोजीमा उनी नेपाल आए । यहाँका भिर, पाखा, जङ्गल सबै ठाउँको अवलोकन गर्दा उनलाई डोटी जिल्लाको हिउँ पर्ने 'खप्तड लेक' मन पऱ्यो । त्यही ठाउँमा तपस्वी झैं बस्दाबस्दा उनी खप्तडबाबाका रूपमा प्रसिद्ध भए ।

खप्तडबाबाको जीवनमा परिवर्तन ल्याउने अर्को घटना पनि सुनिन्छ । उनी चिकित्सकका रूपमा काम गर्दा अस्पतालमा एउटा बिरामी बालक ल्याइएको थियो । त्यस बच्चाको उपचार गर्दा गर्दै बालक नबाँच्ने स्थितिमा पुग्यो । त्यही बेला एउटा साधुले त्यहाँ आएर मन्त्रले फुकेको पानी बिरामी बालकको टाउकामा छर्किदिए । मर्नै आँटेको बालक स्वस्थ हुन पुग्यो । खप्तडबाबा आश्चर्य चकित भए । उनले साधुलाई 'तपाईं कहाँको साधु हो ?' भनी सोधे । साधुले 'म नेपालबाट आएको हुँ' भने । खप्तडबाबालाई यो घटनाले गहिरो प्रभाव पाऱ्यो । उनले आफूले पढेको विज्ञान विद्यालाई अपूर्ण ठाने । उनी विरक्तिएर

साधु बने । उनलाई नेपालले मोहनी लगायो । त्यसैले नेपाल आएर उनले खप्तड लेकमा झन्डै ४८ वर्ष एकान्तवास गरे ।

खप्तडबाबा सरल थिए । उनी सबैलाई एकैनासको व्यवहार गर्थे । कति मानिसहरू स्वास्थ्य समस्या लिएर उनीकहाँ जान्थे । कति मानिस आफ्ना घरायसी समस्या सुल्झाइदिने उपाय चाहन्थे । खप्तडबाबाले कसैलाई औषधि, कसैलाई मीठामीठा ज्ञान दिएर खुसी पार्थे । खप्तडबाबाले भनेका कुरामा सबैको चित्त बुझ्थ्यो । उनीसँग कुरा गर्न पाउँदा मानिसहरू भित्रभित्रै गदगद हुन्थे ।

खप्तडबाबाका सुखदु:खका साथी त्यहाँका गरिब गोठालाहरू थिए । गोठालाहरूलाई बाबाको शक्तिमा ठूलो श्रद्धा थियो । उनीहरू बाबालाई दूध खुवाउँदा गाई भैंसीको दूध र सन्तान वृद्धि हुन्छ भन्ने कुरामा विश्वास गर्थे ।

खप्तडबाबा खप्तड लेकमा बस्न थालेपछि त्यहाँको वातावरण सुन्दर भयो । बाबाले चारैतिर विभिन्न फलफूलका बिरुवा रोपे । दिनहुँजसो पूजापाठ, ध्यान, प्रवचनको व्यवस्था गरे ।

खप्तडबाबाका विचारहरू मानवजीवनलाई परिवर्तन गर्ने खालका छन् । सरल भाषामा व्यक्त भएका उनका विचारले मानिसलाई सदाचारी, कर्तव्यनिष्ठ, धार्मिक तथा सुखी बनाउँछ ।


खप्तडबाबाले भनेका छन् - 'संसारमा जे हुन्छ, त्यो सबै ईश्वरीय प्रेरणा हो । त्याग गर्न सके मात्र मानिसलाई साँचो सुख मिल्छ । मानिसले सृष्टि परिवर्तन गर्ने होइन, दृष्टि परिवर्तन गर्नुपर्छ । सबैभन्दा ठूलो परीक्षा हो- आफूले आफ्नो परीक्षा गर्नु । मूल्यवान् समय खेर फाल्नु हुँदैन । फुर्सदको समयमा ईश्वरको भजन स्मरण गर्नुपर्छ ।'

भारतको जम्मु कस्मिरमा जन्मिएका खप्तडबाबाले नेपाललाई आफ्नो कर्मभूमि, चिन्तनभूभि र यज्ञभूमि बनाए । कैयौं रोगीलाई उनले जीवन दिए । अल्छीलाई कर्तव्यनिष्ठ बनाए । भगवान् छैनन् भन्नेहरूलाई अनुभूति गराइदिए । यस्तै पुण्य काम गर्दागर्दै उनी वि. सं. २०५२ सालमा संसारबाट बिदा भए ।

# ३ शिवपुरीबाबा

काठमाडौँ उपत्यकाको उत्तरमा शिवपुरी वन छ । त्यहाँ शिवपुरी बाबा (योगी) को आश्रम छ । शिवपुरी वनको भ्रमण गरेर फर्केका विद्यार्थीले कक्षामा आ-आफ्नो अनुभव यसरी सुनाए ।

**सुप्रिया :** साथीहरू ! हिजो हामी शिवपुरी वनभित्र रहेको शिवपुरी बाबाको आश्रममा गएका थियौँ । गुरुले हामीलाई बाबाका सम्बन्धमा जानकारी लिन पठाउनुभएको थियो । आश्रमको संरक्षणमा खटिएका मानिसबाट हामीले उनका बारेमा थाहा पायौँ । उनी यस युगका ठूला साधु रहेछन् ।




१३७ वर्षसम्म बाँचेका बाबा शिवपुरी वनमा ३८ वर्ष एक्लै बसेका रहेछन् । मर्नुभन्दा अगाडिसम्म पनि उनको कपाल फुलेको रहेनछ । ढाड कुप्रेको

रहेनछ । आँखा त हाम्राजस्तै तेजिला रहेछन् । छक्क लाग्ने कुरा त अर्को पो छ । उनले ध्यान गरिरहेको बेला चितुवा पनि उनकै नजिकमा बस्दो रहेछ । एकदुई मानिसले यो दृश्य देखेपछि बल्ल उनको शक्ति ठूलो छ भन्ने हल्ला चलेछ । त्यसपछि त त्यहाँ मान्छेको घुइँचो नै लागेछ । उनले दर्शन गर्न आउने मानिसलाई 'सधैँ असल बोल्नुपर्छ, असल सोच्नुपर्छ, अशक्तलाई सेवा गर्नुपर्छ, आफ्नो काम ठीक समयमा गर्नुपर्छ' भन्दा रहेछन् । मलाई उनका विचारहरू साह्रै मन पऱ्यो ।'

*यति भनेर सुप्रिया आफ्नो बेन्चमा बस्न गइन् । अब पालो आयो नलिनको । उनले आफ्नो अनुभव सुनाउन थाले -*

**नलिन :** शिवपुरीबाबाको यो नाम त नेपालमा बस्न थालेपछि राखिएको रहेछ । यसभन्दा अघि उनको नाम गोविन्दानन्द भारती रहेछ । यिनको जन्म भारतको केरलामा भएको रहेछ । जन्मेको पहिलो क्षणमै यिनी खिस्स हाँसेका रहेछन् । कस्तो अनौठो ! यिनका हजुरबुबा ज्योतिषी रहेछन् । उनले 'यो बालक सन्यासी हुनेछ' भनेका थिए रे । नभन्दै १८ वर्षको उमेरमा बाबाले घर छाडिदिएछन् ।



'उनले १२ वर्षमै चारओटै वेद र अरू संस्कृतका ठूलाठूला ग्रन्थ कण्ठ गरेका रहेछन् । घरबाट निस्केपछि उनी भारतको एउटा डरलाग्दो जङ्गलमा गएछन् । जङ्गलका झारपात, कन्दमूल खाएर उनले २५ वर्षसम्म तपस्या गरेछन् । त्यसपछि उनलाई ईश्वर छन् भन्ने सत्य बोध भएछ ।

*नलिन पनि आफ्नो बेन्चमा बस्न गए । शिक्षकले करुणालाई इसारा गर्नुभयो करुणा मुस्कुराउँदै भन्न थालिन् -*

**करुणा :** योगी भएर बाबाले आफ्नो देश र विदेशको भ्रमण गर्ने सोच बनाएछन् । उनले पूरै भारतको भ्रमण गरेछन् । त्यसपछि उनी विश्वभ्रमणमा निस्केछन् । उनले ४० वर्षसम्म विश्वको भ्रमण गरेका रहेछन् । आजको युग भए त कुन ठूलो कुरा हो र ! तर त्यो समयमा बाबाले पैदल भ्रमण गरेछन् । यो कुरा विदेशी विद्वान् जे.जे.बेनेटले एउटा पुस्तकमा लेखेको थाहा पाएपछि मलाई पनि विश्वास लाग्यो । बाबा क्रिस्चियन, मुस्लिम, बौद्ध, हिन्दूधर्म मान्नेहरूका चर्च, मस्जिद, गुम्बा, मन्दिर सबै ठाउँमा पुगेछन् । वास्तवमा बाबा हिन्दू धर्म मान्ने व्यक्ति थिए । तर उनी कसैलाई घृणा गर्दा रहेनछन् । उनको विचारमा जुनसुकै धर्म मान्नेले पनि सत्कर्मद्वारा ईश्वर पाउन सक्दछ ।

बेलायत गएको बेला महारानी भिक्टोरियाले उनको ठूलो सम्मान गरिन् रे । बाबाको बुद्धि, व्यवहार र भित्री शक्ति देख्दा महारानी पनि चकित भइछन् । उनले आफू नमर्दासम्म बेलायतबाट कहीं नजान बाबालाई अनुरोध गरिछन् । हाम्रा रामायण, महाभारतका कथा अङ्ग्रेजीमै भनेर सबैलाई मोहित पारेछन् । त्यहाँ बस्दा पनि बाबाले सबैलाई 'स्वधर्मको पालन गर्नुपर्छ । आफ्नो जीवनका साथै समाज र विश्वकल्याणको लक्ष्य लिनुपर्छ । पूजाले भन्दा कर्मले मानिस धार्मिक हुन्छ । सत्यको दर्शन नगरी मानिस सुखी हुँदैन' जस्ता अर्ती दिएछन् । उनका अर्ती सबैलाई मन परेछ । भिक्टोरिया महारानीको मृत्युपछि मात्र बाबाले बेलायत छाडेछन् ।

*यति भनेर करुणा आफ्नो स्थानतिर लागिन् । अब अन्त्यमा आराधनाको पालो आयो । उनीले आफ्नो अनुभव सुनाउन थालिन् -*

**आराधना:** बाबाले बुद्धि, विवेक, नैतिकता, अनुशासन र कर्तव्यलाई सही जीवन ठान्दा रहेछन् । बाबा संन्यासी भएपछि एकपल्ट आफ्नो जन्मस्थल हेर्न गएछन् । ७० वर्षको उमेरमा घर फर्केका बाबाले आफ्नो घर पत्ता लगाउनै सकेनछन् । धेरै कोसिस गरेपछि उनले आफ्नो घर भेट्टाएछन् ।

उनी घर पुग्दा उनका बुबाआमा र एउटी बहिनीको मृत्यु भइसकेको रहेछ । आफ्नो घरमा भएको सबै धनसम्पत्ति सबै त्यागेछन् ।

भ्रमणका क्रममा नेपाल आएका बाबालाई अन्त्यमा नेपालमा बस्न रुचि लागेछ । उनी शिवरात्रिको अवसरमा नेपाल आएका थिए । त्यसबेला विदेशी संन्यासीहरूलाई नेपालमा सात दिनमात्र बस्न दिने नियम रहेछ । उनी भारत फर्कनै लागेका बेला एकजना बेलायती मानिसले बाबाको अनुहार चिनेछन् । ती मानिस त नेपालमा रहेको बेलायती राजदूत पो रहेछन् । बाबा बेलायत गएका बेला राजदूत स्कुलमा पढ्दै रहेछन् । उनले बाबाको ज्ञान र शक्तिको महत्त्व बेलायतमै बुझेका रहेछन् । तिनै राजदूतको प्रयासमा बाबाले नेपालमा बस्न पाउने अनुमति पाएछन् । त्यसपछि उनी शिवपुरीको घना जङ्गलमा बस्न थालेछन् ।

यहाँ बस्न थालेपछि बाबालाई भेट्न आउन मान्छेहरूको घुइँचो लाग्न थालेछ । वि. सं. २०१३ सालमा स्व. राजा महेन्द्रको राज्याभिषेक हुँदा भारतका राष्ट्रपति सर्वपल्ली राधाकृष्णन् नेपाल आएछन् । उनलाई लिन राजदरबारबाट विमानस्थलमा गाडी पठाइएको रहेछ । राष्ट्रपति त विमानस्थलबाट सीधा बाबाको दर्शन गर्न शिवपुरी गएछन् । यसबाट पनि बाबा सामान्य साधु होइनन् भन्ने पुष्टि हुन्छ । यसैगरी उनलाई कैयौँ विदेशी राष्ट्रका उच्च ओहदाका मान्छेले समेत भेटेका रहेछन् । मानवधर्म, कर्तव्य एवम् ईश्वरीय चिन्तनका विषयमा बाबाका विचारलाई कसैले खण्डन गर्न सकेनछन् ।

विश्व भ्रमण गरेका बाबाले नेपाललाई अन्तिम आश्रम बनाए । शिवपुरीको सामान्य जङ्गललाई पवित्र धाम बनाइदिए । वि.सं. २०२० सालमा बाबाले परमधाम प्राप्त गरेछन् ।

*यति भनेर आराधनाले पनि आफ्नो भनाइ टुङ्ग्याइन् ।*

# ४ अवतारी साधु स्वर्गद्वारी महाप्रभु

हाम्रो देश साधुसन्त, महात्मा जन्माउने देशका रूपमा परिचित छ। यस्ता महात्माहरूमध्ये स्वर्गद्वारी महाप्रभु पनि एक हुन्। स्वर्गद्वारीमा आफ्नो धार्मिक केन्द्र बनाएकाले उनको नाम स्वर्गद्वारी महाप्रभु रह्यो। स्वर्गद्वारी राप्ती अञ्चलको प्युठान जिल्लामा पर्छ।

स्वर्गद्वारी महाप्रभु वि.सं. १९१६ मा रोल्पा जिल्लामा जन्मेका हुन्। उनी सत्तु गौतम र शान्ताकुमारीका छोरा थिए। उनको बालककालको नाम नारायण थियो। उनी




सानैमा कुष्ठरोगी थिए। कुष्ठरोगका कारण उनका हातका औंला थिएनन्। सानैमा घर छाडेर उनी तपस्या गर्न जङ्गलमा गए। पछि उनी विद्याआर्जन गर्न भारतको वनारस गए।

वनारसमा सच्चिदानन्द गिरी नामका ज्ञानी गुरु थिए । उनैसँग नारायणले वेद, वेदाङ्ग, योग, ब्रह्म विद्या सिके । त्यसपछि उनको नाम हंसानन्द गिरि राखियो । उनी घुम्दै स्वर्गद्वारी आए र त्यहीँ बसे । त्यसपछि उनलाई स्वर्गद्वारीमा सबैले स्वर्गद्वारी महाप्रभु भन्न थाले ।



स्वर्गद्वारीमा उनले गौशाला (गाई पाल्ने गोठ) बनाए । वेदवेदाङ्ग पढाउने पाठशाला बनाए । बटुवाहरूका लागि धर्मशाला बनाए । भक्तहरू बस्ने आश्रम र यज्ञशाला बनाए । वि.सं. १९५२ देखि त्यस ठाउँमा यज्ञको सुरु भयो । त्यहाँ हरेक दिन वेदका मन्त्रहरू गुन्जिरहन्छन् । स्वस्तिपाठ हुन्छ । हवन गरिन्छ । श्रद्धापूर्वक गाई र अन्य देवीदेवताको पूजा गरिन्छ । सुन्दर, शान्त प्रकृतिको काख स्वर्गद्वारीमा आजसम्म पनि त्यो परम्परा चलिरहेको छ । उनको प्रभावले स्वर्गद्वारी पुण्यभूमि भएको छ । त्यहाँ बर्सेनि हजारौँ मानिसहरू दर्शन गर्न जान्छन् । भारतका तीर्थयात्रीको समेत घुइँचो लाग्छ । त्यहाँ जाने जुनसुकै मानिसको हृदय परिवर्तन हुन्छ । ईश्वर, धर्म नमान्ने मानिसहरू त्यहाँको पूजाअर्चना र भक्तहरूको आस्था देखेर आस्तिक हुन्छन् ।

स्वर्गद्वारी महाप्रभु बालब्रह्मचारी थिए । उनलाई बालतपस्वी पनि भनिन्छ । उनमा अलौकिक शक्ति थियो । उनको शक्ति देख्ने दशकुमारी नामकी वृद्धा अझै छिन् । उनी पाँचछ वर्षको उमेरमा आफ्नो आमा बुबासँग स्वर्गद्वारी गएकी थिइन् । उनी कपडाको पुतली लिएर गएकी थिइन् । बाटामा खेलाउँदै जाँदा उनले पुतली हराइछन् । उनी रुँदै स्वर्गद्वारी गइन् । महाप्रभुले आफ्नो झोलीबाट उनको पुतली झिकेर दिएछन् । दशकुमारी दङ्ग परिछन् । यस्ता धेरै चमत्कार महाप्रभुले देखाउँथे । उनको ईश्वरीय

शक्तिलाई सबैले पत्याएका छन् । त्यसैले अहिलेसम्म उनले चलाएको परम्परा कायम छ ।

आफ्नो आध्यात्मिक शक्तिको प्रभावले उनले यति ठूला काम गर्न सकेका हुन् । उनले जगत् कल्याणको काम गरे । शिक्षाका लागि पाठशाला खोले । धर्मको सार सिकाए । अनाथलाई भोजन दिए । यस्ता सेवामुखी काम गर्दा गर्दै उनी वि.सं.१९९७ मा ब्रह्मलीन भए ।

ज्ञानका खानी महाप्रभुले हामीलाई अमृतजस्ता मीठा उपदेश दिएका छन् । उनका अनुसार हामी झूटो मोहमा फस्नु हुँदैन । लोभी मनमाथि विजय पाउनुपर्छ । सबैले धर्मका नियमहरू पालना गर्नुपर्छ । ईश्वरमा अटल आस्था राख्नुपर्छ । कसैप्रति अत्याचार गर्नुहुँदैन । यी उपदेशहरू हाम्रो जीवनका लागि अमूल्य छन् ।




# ५ समाज सुधारक सन्त ज्ञानदिलदास



'सन्त ज्ञानदिलदास नेपालका एक महान् साधु हुन् । नामजस्तै उनी साँच्चिकै ज्ञानी थिए । उनको जन्म वि.सं. १८६८ मा इलाममा भएको थियो । बाल्यकालमा उनको नाम श्रीकृष्ण लामिछाने थियो । उनी सानैदेखि तीक्ष्ण बुद्धिका थिए । त्यसबेला पूर्वी नेपालमा जोसमनि भन्ने साधुसन्तहरूको जमात थियो । यो जमातको विचारलाई श्रीकृष्ण लामिछानेले खुब मन पराए । उनी पनि सन्त बनेर ज्ञानी, ध्यानी र सुधारक बन्ने अठोट गरे ।

उनी ब्राह्मण परिवारका थिए तर जातिपातिको कट्टर विरोधी भए । उनले गुरुङ जातिका श्यामदिलदाससँग जोसमनि सम्प्रदायको दीक्षा लिए । त्यसपछि उनी सन्त ज्ञानदिलदासका नामले चिनिन थाले ।

त्यतिखेरको समय आजको जस्तो विकसित थिएन । त्यतिखेर शिक्षा आर्जन गर्ने विद्यालय थिएनन् । ठूला ठानिने वर्गमा जातको घमण्ड थियो । पूजापाठ, धर्मकर्मलाई उनीहरूले आफ्नो पेवा ठान्दथे । पूजापाठलाई पैसा कमाउने माध्यम बनाएका थिए । उनीहरूले जस्तोसुकै नराम्रो काम गरे पनि धर्मको विपरीत हुँदैनथ्यो ।



राणाशासकले पनि उनीहरूलाई नै काखी च्यापेका थिए । उनीहरू राई, लिम्बू, गुरुङ, मगर, क्षेत्री, कामी, दमाईजस्ता जातिलाई हेप्ने गर्दथे । ज्ञानदिलदासलाई यस्तो कुराले गहिरो चोट पुऱ्यायो । उनी ब्राह्मणका विरोधी थिएनन् । उनको विरोध ब्राह्मणहरूको कुप्रवृत्तिमाथि थियो । उनी स्वयम् बाह्मण थिए । मान्छेमान्छेबीचको घृणालाई निर्मूल पार्नु थियो । असल धर्म, असल संस्कारको जग बसाउनु थियो ।

उनी आफ्नो गुरुको आज्ञाअनुसार ओखलढुङ्गा गए । त्यहाँको रुम्जाटार भन्ने ठाउँबाट उनले जोसमनि परम्पराको प्रचारप्रसार गर्न थाले । उनले सबै जातिलाई यो परम्परामा ल्याए । सबैलाई सम्मान दिए । उनले कामी, दमाई, सार्की सबैका घरमा खाना खाए । उनका यस्ता क्रियाकलाप देखेर बाहुनहरूले उनलाई 'जातफाला' भनेर खिसी गरे । उनी दिउँसै राँको बालेर 'मेरो जात कहाँ गयो ?' भनेर खोज्न निस्किए । ब्राह्मणहरूले उत्तर दिन सकेनन् ।

सन्त ज्ञानदिलदास तार्किक र प्रतिभावान् थिए । उनको हस्सी-ठट्टा गर्ने स्वभाव थियो । जस्तोसुकै समस्यालाई पनि उनी एक चुट्कीमा समाधान गर्न सक्थे । नेपालमा त्यतिखेर



जङ्गबहादुरको शासन थियो । यिनको सङ्गठन देखेर जङ्गबहादुर तर्सिए । जनतालाई ज्ञानगुनका कुरा सिकाएको जङ्गबहादुरलाई मन पर्दैनथ्यो । उनले सन्त दिलदासलाई पक्रन लगाए । जङ्गबहादुरले उनी राजनीतिमा नलागेर समाजसेवामा लागेको पाए । त्यसैले उनलाई छाड्ने बेलामा बिर्ता (जग्गा) दिन खोजे । ज्ञानदिलले 'साधुका लागि संसार नै बिर्ता हो' भनेर बिर्ता लिएनन् ।

उनीसँग बोल्ने मीठो कला थियो । उनको सङ्गत गर्ने मानिस उनको भक्त

भइछाड्थ्यो । जङ्गबहादुरले उनलाई सम्मानका साथ बिदाइ गरे । उनका साथमा सेनाको टोली साँगा (हाल भक्तपुर र काभ्रेपलाञ्चोक जिल्लाको सिमाना) सम्म गएको थियो । उनको कुरा सुनेर एकजना सैनिक त उनकै भक्त पो बन्यो । ऊ उनकै पछि लागेर साधु बन्यो ।

ज्ञानदिलदासको सम्पर्कमा आएका मानिसले मद्यपान, धूमपान त्यागे । माछामासु नखाने भए । धर्मकर्म र सादा जीवन बिताउने भए । जङ्गबहादुरको मृत्युपछि उनको कार्यमा सरकारले रोक लगायो । उनी दार्जीलिङतिर गए । त्यहाँका नेपालीहरूलाई अङ्ग्रेजहरूले इसाई बनाउन थालेका थिए । ज्ञानदिलले त्यहाँका नेपालीहरूलाई आफ्नो धर्म छोड्न नहुने बताए । यो कुरा थाहा पाएर इसाई पादरी (धर्मगुरु) रेभरेन्ड ए. टर्नबुललाई रिस उठ्यो । ज्ञानदिलदासले पादरीलाई धर्मको विषयमा शास्त्रार्थ (वादविवाद-छलफल) गर्न चुनौती दिए । शास्त्रार्थ भयो र ज्ञानदिलदासले जिते ।

ज्ञानदिलदासले नेपाली साहित्यमा पनि ठूलो योगदान दिएका छन् । उनले 'उदयलहरी' नामक काव्य लेखेका छन् । उनले करिब ६० ओटा भजन र गीत पनि लेखेका छन् ।

*'यो रुम्जाटारको कोदाको ढिँडो निर्गुणको दाउन,*
*धर्म र कर्म गुरुङले गऱ्यो छक् पऱ्यो बाहुन ।'*

यो गीतले निकै ख्याति पाएको थियो । निरन्तर समाजमा चेतनाको बीउ छर्ने उनको जीवनी हाम्रा लागि अनुकरणीय छ । उनी भन्दथे- यहाँ सबैलाई ईश्वर पाउने अधिकार छ । कसैको जात सानो ठूलो छैन । ईश्वरको सृष्टिमा सबै समान छन् । कुरीतिको विरोध गर्नुपर्छ । शान्त, सरल र शुद्ध जीवन बिताउनुपर्छ । सबैले आआफ्नो धर्मको पालना गर्नुपर्छ । ज्ञानदिलदास वि.सं. १९४० मा सिक्किममा परलोक भए ।

# ६

# सङ्घर्षका प्रतीक
# डा. स्वामी प्रपन्नाचार्य

डा. स्वामी प्रपन्नाचार्य साहित्य, इतिहास, धर्म, संस्कृतिका धुरन्धर विद्वान् हुन् । उनको नाम नेपाललगायत विदेशी मुलुकमा समेत फैलिएको छ । तर उनले सजिलैसँग यति ठूलो प्रसिद्धी कमाएका होइनन् । उनले आफ्नो जीवनमा भोगेका दुःखकष्ट, अभाव, सङ्घर्षले उनलाई यस स्थानमा ल्याएको हो । त्यसभन्दा बढी उनको चट्टानजस्तो सङ्कल्पशक्तिले नै उनलाई यति माथि पुऱ्याएको हो ।


स्वामी प्रपन्नाचार्यको जन्म पाँचथर जिल्लामा वि.सं. १९८० मा भएको हो । उनी दिलमाया राई र धम्बे राईका छोरा हुन् । उनको वास्तविक नाम गीतानन्द थियो । महागुरु फल्गुनन्दसँग भेट हुँदा महागुरुले उनको नाम सीताराम दिलदास राखिदिए । गाउँलेहरूले उनलाई 'काले राई' भनेर बोलाउँथे ।



काले राईले आफ्नो जीवनमा धेरै दुःख भेल्नु पऱ्यो । उनको परिवार विपन्न थियो । घाँस काट्ने, दाउरा खोज्ने, खेतबारी जोत्ने जस्ता कामले उनका कलिला हातमा कतिकति फोका परे । एघार वर्षको उमेरमा उनी आफ्नो बुबासँग नुन बोक्न गए । बीस दिनको पैदल यात्रा गरी नुन बोकेर उनी घर फर्किए । उनका गोडा सुन्निए । उनको गाउँमा

विद्यालय थिएन । बाहुन बाहेक अरूले पढ्नुपर्छ भन्ने धारणा पनि थिएन । बाहुनहरू भारततिर गएर संस्कृत पढ्दथे । अरू जातले संस्कृत पढे बहुला भइन्छ भन्थे ।

उनले पढ्न पाएनन् । नपढे पनि उनमा हिम्मत थियो । बुद्धि पनि थियो । उनको गाउँघरमा नराम्रा प्रथाहरू चलेका थिए । छूवाछुत जातिपातिजस्ता विषयमा उनले आफ्नो बाबुआमाको समेत विरोध गरे । घाँसदाउरा गर्दा उनले कामी, दमाई, सार्कीका घरमा पसेर ढिँडो खाए । छोराले 'जात फाल्यो' भन्दै बाबुआमाले बेस्सरी कुट्दा पनि उनले आफ्नो बानी छाडेनन् । उनी समानताका पक्षपाती थिए । आफ्नो भित्री मनले ठीक ठानेको कुरामा उनी कहिल्यै झुकेनन् । कुटाइ खाएर उनी थला परे । गाउँलेहरूले कति थुके । उनलाई कसैले घरभित्र पस्न दिएनन् । कत्ति पनि नपढेको मान्छेले यस्तो मानवतावादी सोचाइ राख्नु अचम्म नै मान्नुपर्छ ।



आफूलाई सबैले घृणा गर्न थालेपछि उनले महागुरु फल्गुनन्दको सङ्गत गर्न थाले । महागुरुले काले राईलाई पटुका, फेटा, शङ्ख, घन्टा र एकतारे दिए । गुरुले भजन गाउन र केही मन्त्र जप गर्न सिकाइदिए । यस बेला उनको उमेर पन्ध्र वर्ष थियो ।

काले राई हरदम भेदभाव र छूवाछुतको विरोध गर्थे । एक ठाउँमा बाहुन पण्डितले पुराण

भन्दै थिए । उनलाई धर्मकर्मका कुरामा रुचि लाग्थ्यो । त्यसैले पुराण सुन्न गए । पण्डितले 'आइमाई र शूद्रले पढ्नु हुँदैन । तिनीहरू अपवित्र हुन्छन्' भने । यो सुनेर काले राईलाई भित्रैदेखि झोक चल्यो । उनले 'अपवित्र आइमाईबाट जन्मेको तपाईं पनि अपवित्र हुनुहुन्छ' भने । त्यसपछि त त्यहाँ मारामार सुरु भइहाल्यो । त्यहाँबाट भागेर काले राई भारतका अनेक ठाउँमा पुगे । त्यहाँ उनले मुरही बेच्ने, अर्काको भाँडा माझ्ने र भैंसी गोठालोको कामसमेत गरे । उनले हेला निन्दा र दुःखै दुःख पाए ।



वि.सं. २००८ सालमा उनी फेरि आफ्नै जिल्लामा फर्के । उनले जुठो भाँडा माझ्ने काम गर्नुपर्‍यो । उनी बस्ने मालिकको घरमा अर्को नोकर पनि थियो । काले राईलाई मालिकले अर्को नोकरले खाएको थाल माझ्न लगाए । अर्को नोकरले पाँच कक्षासम्म पढेको हुनाले उसको थाल माझ्न लगाइएका थियो । यस घटनाले उनलाई भित्रभित्रै चोट पुर्‍यायो । नपढेपछि सबैले हेला गर्दारहेछन् भन्ने लाग्यो ।

एकदिन उनी बस्ने गाउँमा दामोदर नामका एकजना पण्डित आए । ती पण्डितसँग काले राईले पढ्ने इच्छा गरे । तिनै पण्डितका साथ उनी वनारसतिर लागे । दशा लागेपछि दसथोक हुन्छ भन्छन् । भारतमा गएर उनले हन्डर खाए । दामोदर पण्डित उनलाई छाडेर नेपाल फर्किहाले । उनी भारतका अनेक सहरमा भौंतारिए ।

आफ्नो भाग्यलाई धिक्कार्दै उनी गढवाली ब्राह्मणका घरमा भाँडा माझ्न थाले । त्यस

घरकी छोरी सरस्वती त्यहाँको स्कुलकी प्रिन्सिपल रहिछन् । तिनैबाट उनले पहिलो पटक 'क ख' सिके । त्यसबेला उनको उमेर ३० वर्षको थियो । साँझ विहान भाँडा माझ्दै उनले ४२ वर्षको उमेरमा दस कक्षा उत्तीर्ण गरे । संस्कृत शिक्षामा उनको ठूलो रुचि थियो । उच्च शिक्षा अध्ययन गर्न उनी अनेक कलेजमा गए । तर राई जातिको मान्छेलाई संस्कृत पढ्न दिन कोही तयार भएनन् । उनले हिम्मत हारेनन् । 'जहाँ इच्छा त्यहाँ उपाय', उनी ऋषिकेश र हरिद्वार पुगे । त्यहाँबाट उनले उत्तरमध्यमा (आई.ए.) गरे । वनारसबाट शास्त्री र आचार्य (बी.ए. र एम.ए.) गरे । यसबेला सम्म उनको नाम काले राईबाट रामकृष्ण प्रपन्नाचार्य भइसकेको थियो । केही समयपछि उनले दिल्लीबाट विद्यावारिधि (पीएच.डी.) गरेर डा. स्वामी प्रपन्नाचार्यका रूपमा भारतलगायत नेपालमा प्रसिद्ध भए ।

स्वामी प्रपन्नाचार्यले नेपाली, हिन्दी र संस्कृतमा धेरै पुस्तक लेखेका छन् । उनी नेपालका कुनाकाप्चा, भारतका धेरै ठाउँ र विश्वका धेरै मुलुक पुगेका छन् । धेरै ठाउँमा धार्मिक र बौद्धिक बहस (छलफल) गरेर मान्छेको मन जितेका छन् । उनले धेरै मानसम्मान पाएका छन् । उनी भन्छन्- "जन्मभूमिको सेवा गर्नुपर्छ । जातिपाति छूवाछुत धर्म होइन । बलिप्रथाले देवता खुसी हुँदैनन् । जाँडरक्सीबाट टाढा रहनुपर्छ । आमाबुबालाई देवता मानेर सेवा गर्नुपर्छ । काम गर्दा आएका चुनौतीलाई दरिलो मुटुले जित्नुपर्छ । आफ्नो धर्म संस्कृतिलाई प्रेम गर्नुपर्छ । एकपल पनि त्यसै खेर फाल्नुहुँदैन । विद्याभन्दा ठूलो धन अर्को छैन । अहिले ८४ वर्षको उमेरमा पनि उनी त्यत्तिकै अध्ययनशील, सिर्जनशील र कर्मशील छन् ।

# ७ धर्मवीर कर्मवीर योगी नरहरिनाथ




योगी नरहरिनाथ नेपालका ठूला साधु हुन् । नेपाललाई असाध्यै माया गर्ने देशभक्त हुन् । धर्मसंस्कृति, इतिहास, ज्ञान, दर्शनका विद्वान् व्यक्ति हुन् ।

नरहरिनाथको जन्म वि.सं. १९७१ मा जुम्लामा भएको थियो । यिनी ललितसिंह थापा र गौरीदेवीका माहिला छोरा थिए । यिनको वास्तविक नाम बलवीरसिंह थापा हो । १३ वर्षको उमेरमै यिनले घर त्यागिदिए । महन्त क्षिप्रनाथबाट दीक्षा मन्त्र लिएपछि यिनको नाम योगी नरहरिनाथ रहेको हो । यिनको सम्प्रदाय गुरु गोरखनाथले चलाएको नाथ सम्प्रदाय हो । यस सम्प्रदायका स्वामीहरू कानमा कुण्डल लगाउँछन् । फेटा बाध्दछन् । कठोर योगसाधना गर्दछन् ।

योगी बनेपछि नरहरिनाथले संस्कृतका महान् ग्रन्थहरूको अध्ययन गरे । आफ्ना गुरु क्षिप्रनाथबाट उनले व्याकरण, चण्डी, गीताजस्ता ग्रन्थहरू पढे । यति पढाइले उनको चित्त बुझेन । उनले भारतका प्रमुख स्थलहरू हरिद्वार, मायापुरी, वनारस, पन्जाब आदिमा पुगेर सम्पूर्ण शास्त्रको गहिरो अध्ययन गरे । उनको ख्याति भारतभरि फैलियो । उनलाई भारतका ठूलाठूला महाविद्यालयले पदवी दिन चाहे तर उनले लिएनन् ।

आफ्नो ज्ञान विदेशमा पोख्नुभन्दा स्वदेशमा पोख्दा फाइदा हुन्छ भन्ने उनलाई लाग्यो । त्यसैले यहाँ आएर नेपालको इतिहास, साहित्यको इतिहासको खोज गर्न थाले । उनले

७५ ओटै जिल्लाको पैदल भ्रमण गरी ढुङ्गा, धातु र भोजपत्र (एक किसिमको पात) मा लेखिएका अभिलेखहबाट ऐतिहासिक कुरा पत्ता लगाए । 'नेपालीको इतिहास नेपालीले लेख्नुपर्छ । नेपाली संस्कृतिलाई नेपालीले नै बचाउनुपर्छ' भन्ने उनको विचार थियो ।



नेपाल आएपछि उनले थुप्रै ग्रन्थ रचना गरे । ती ग्रन्थहरू उच्चकोटिका मानिन्छन् । संस्कृत शिक्षा, गाई, ॐ र पुनर्जन्ममा उनको ठूलो विश्वास थियो । यसबाट नै उनी धुरन्धर विद्वान् र चमत्कारी महापुरुष भएका हुन् । उनी घन्टौँसम्म नबिराइ प्रवचन गर्न सक्थे । कसैले प्रश्न गरिनसक्दै उत्तर दिन सक्थे । उनी एकपटक हिममानवको खोजीमा दस महिनासम्म एक्लै हिमाली प्रदेशमा बसेका थिए । हिँड्दा उनलाई कहिल्यै थकाइ लागेन । उनी कैयौँ दिन नखाई बस्न सक्थे । यस्तो क्षमता उनले शास्त्रज्ञान र योगबलद्वारा प्राप्त गरेका थिए ।

नरहरिनाथ अति निर्भीक र स्पष्ट वक्ता थिए । जाति, वर्ण आदिमा उनी पटक्कै भेद गर्दैनथे । धर्मद्वारा विश्वशान्ति र विश्वकल्याण हुन्छ । धर्मले नै मानिसलाई असल बनाउँछ भनेर उनले कोटिहोमको अभियान थाले । उनले नेपालमा १२९ पटक

कोटिहोम सञ्चालन गरे । यस्तो होमबाट उनले जनतामा धर्मको महत्त्व फैलाए । सबै जातिलाई समानताको सूत्रमा बाँध्ने प्रयास गरे । मठमन्दिर, पाटी र पौवा आदि निर्माण गरे । यसरी राष्ट्रको हितका निमित्त उनी अति चिन्तनशील हुन्थे ।

उनी भन्दथे- 'राजनीति गर्ने मान्छेले पहिला आफ्नो इतिहास बुझ्नुपर्छ । इतिहास नबुझ्ने अन्धाले देश चलाउनु हुँदैन ।' नरहरिनाथ पद र पैसादेखि टाढा थिए । उनी पैसा नभईकन पनि विश्वयात्रा गर्न निस्कने मान्छे हुन् । एकपटक उनी अमेरिकामा थिए । उनलाई लिएर जाने मान्छे त्यही बस्यो । फर्कंदा त नरहरिनाथको गोजी रित्तियो । पछि एकजना नेपालीले उनलाई नेपाल पठाउने चाँजोपाँजो मिलाइदिए ।


नरहरिनाथ नपुगेको नेपाली भूमि कुनै छैन । उनले सहयोग नगरेका धार्मिक संस्था कुनै छैनन् । उनले नजानेको कुनै दर्शन छैन । राष्ट्र र राष्ट्रियताका विषयमा उनी कट्टर थिए । उनी राजालाई समेत अर्ती उपदेश दिन्थे । राजनीतिमा पनि रूचि भएको कारण कहिलेकाहीँ पक्राउमा पनि परेका थिए । "मातृभूमिमा हुने मेरो अपमान पनि मेरो सम्मान हो । मेरो देशको कारावास भगवान् कृष्णको जन्मभूमि हो ।" आफू अपमानित हुँदा उनले यसो भनेका थिए ।

योगीले करिब ११४ ओटा पुस्तक लेखेका छन् । त्यस्तै करिब १६ ओटा मन्दिर निर्माण गरेका छन् । नाथ परम्परा र नाथ साहित्य-संस्कृतिलाई नेपाल तथा भारतका विभिन्न ठाउँमा विस्तार गर्ने नरहरिनाथ नै हुन् । उनलाई आजीवन ब्रह्मचारी, आजीवन विद्यार्थी, आजीवन पदयात्रीका रूपमा चिनिन्छ । उनले हामीलाई धर्म, कर्म र ज्ञानद्वारा राष्ट्रको निःस्वार्थ सेवा गर्नुपर्छ भन्ने सन्देश दिएका छन् ।

वि. सं. २०५९ साल फागुन १३ गतेका दिन योगी नरहरिनाथको देहान्त भयो ।

# ८ सरलता र चमत्कारका प्रतिमूर्ति गलेश्वरबाबा


म्याग्दी जिल्लाको गलेश्वर भन्ने ठाउँमा एकजना योगी थिए । गलेश्वरमा धेरै वर्ष तपस्या गरेकाले उनको नाम गलेश्वरबाबा रहेको हो । यसभन्दा अगाडि उनको नाम ईश्वरानन्द ब्रह्मचारी थियो । बालककालको नाम त यदुनाथ थियो रे ।



बाबाको जन्म मेची अञ्चलको ताप्लेजुङ जिल्लामा भएको थियो । उनका पितामाताको नाम हरिलाल निरौला र मनमाया थियो । गलेश्वरबाबा सानैमा अनौठो स्वभावका थिए । उनले एक पटक सुनेका कुरा कहिल्यै बिर्सिंदैनथे ।

११ वर्षमा उनको बिहे भयो । विवाहपश्चात् उनको मन परिवर्तन भयो । ससुराली जान हिँडेका यदुनाथ त भारततर्फ पो हिडेछन् । भारतका प्रसिद्ध तीर्थस्थल हरिद्वार, काशी, गङ्गोत्री जस्ता ठाउँमा उनले चौबीस वर्ष बिताए । त्यहाँ उनले ज्ञान र मन्त्र शक्तिको अभ्यास गरे ।

भारतमा उनको मन रमाइरहन सकेनन् । उनी नेपाल फर्के । उनी काठमाडौँको गोकर्ण भन्ने ठाउँमा आई फेरि १२ वर्ष भगवान्‌को खोजीमा लागे । गलेश्वरबाबा जहाँ बसे पनि कम्तीमा १२ वर्ष बिताउँथे । ईश्वरको ज्ञान पाएपछि उनी म्याग्दीको गलेश्वर भन्ने ठाउँमा बस्न थाले । त्यसपछि उनी 'गलेश्वरबाबाका' नामले प्रख्यात भए ।



गलेश्वरबाबा शक्तिप्राप्त महात्मा थिए । आफ्नो धर्म र शास्त्रप्रति उनको उच्च आस्था थियो । शास्त्रले देखाएको बाटोलाई अनुसरण गरेर उनले अनौठो कार्य गर्न सक्दथे ।

बाबाले हरेक दिन १०,००० पटक गायत्री मन्त्र जप गर्थे । उनी पानीमा बसेर योग, ध्यान, प्राणायामजस्ता कठोर अभ्यास गर्थे । जमिनभन्दा सात फिट माथि हावामा अडिएर उनले अनेक साधना गर्थे भन्ने मान्छेहरू अझै जीवित छन् ।

२४ वर्ष गलेश्वरमा बिताएका बाबाले बाँकी समय देवघाटमा बिताए । त्यहाँ पनि उनले अनेक चमत्कार देखाए । एक जनालाई पकाएको भोजनले सयौँ जनालाई तृप्त पार्ने शक्ति उनमा थियो । गलेश्वरबाबा कर्मशील संन्यासी थिए । उनी हरबखत केही न केही गरिरहन्थे । देवघाटमा बस्दा उनले वेदवेदाङ्ग विद्यालय खोले । यस विद्यालयमा निःशुल्क संस्कृत पढाइ भइरहेको छ । यसैगरी उनले म्याग्दीको गलेश्वरमा मन्दिर, पाटी र विद्यालय निर्माण गरेका छन् ।

गलेश्वर बाबा केटाकेटीजस्तो सरल स्वभावका थिए। उनी कसैसँग पनि डराउँदैनथे। १२४ वर्षको उमेरमा पनि उनी साह्रै छिटोछिटो हिँड्थे।


बाबा विशेष रूपमा रामका भक्त थिए। 'सृष्टिका सबै जीवजन्तु र पदार्थमा रामको वास छ। रामको नाम लिँदा मानिसको वाणी र वातावरणसमेत पवित्र हुन्छ। समाजलाई सुधार गर्न पहिला व्यक्तिको चरित्र निर्मल हुनुपर्छ। राम र कामलाई आफ्नो जीवनको मन्त्र बनाएपछि समाज अघि बढ्छ।' बाबाका यी भनाइमा मान्छेको व्यक्तित्व तथा समाज विकासको चाहना पाइन्छ।

गलेश्वरबाबा युवा जमातलाई असाध्यै मन पराउँथे। युवालाई सही बाटो देखाएमा देशविकास तुरुन्तै हुन्छ भन्ने उनको भनाइ थियो। आफूलाई भेट्न आउने युवावर्गसँग कुरा गर्न उनी कहिल्यै थाकेनन्। उनी स्वार्थलाई पैतालामुनि राखी गतिशील हुने युवकले नै समाजलाई डोऱ्याउन सक्छ भन्दथे।

जीवनभर कर्म र धर्म गर्ने, समाजलाई शिक्षा दिने बाबा वि.सं. २०३२ सालमा देवघाटमा ब्रह्मलीन भए।



# ९ शिक्षाप्रेमी, बालागुरु ब्रह्मचारी षडानन्द



कुनै पनि देश वा क्षेत्रको प्रगतिको आधार शिक्षा हो । नेपालको पूर्वी क्षेत्र शिक्षा, स्वास्थ्य, यातायातका दृष्टिले अघि बढेको छ । यस्तो हुनुको कारण त्यस क्षेत्रमा शिक्षाको जग धेरै पहिले बसालिएकाले हो । नेपालको पूर्वाञ्चल क्षेत्रमा अनेक साधुसन्तको जन्म भएको थियो । ती साधुसन्तले धार्मिक कार्य गर्ने, मठमन्दिर निर्माण गर्ने र पाठशाला खोल्ने जस्ता काम गरे । यसबाट मानिसमा चेतना बढ्यो । त्यो चेतनाले विकासलाई अगाडि बढायो ।

नेपालको पूर्वी क्षेत्रमा विद्यालय शिक्षाको थालनी त आबाल ब्रह्मचारी षडानन्दले गरेका हुन् । उनको जन्म कोशी अञ्चलको भोजपुर जिल्लाको दिङ्लामा वि.सं. १८९२ मा भएको थियो । आठ वर्षको उमेरमै व्रतबन्ध गरी गृहत्याग गरेकाले र जीवनभर विवाह नगरी बसेकाले उनलाई आबाल ब्रह्मचारी भनिएको हो । बालागुरु षडानन्द गर्भे टुहुरा थिए । उनी आमाको गर्भमा रहेकै बेला पिताको निधन भएको थियो ।

त्यसबेलाका भोजपुरमा पढेलेखेका मानिस थिएनन् । केही धनीमानीहरू भारतमा गई पूजापाठ गर्ने तरिका सिकेर आउँथे । गाउँघरमा न्वारन, बिहे, श्राद्ध जस्ता कर्मकाण्ड गरिदिन्थे र आफूलाई ठूलो ठान्दथे । उनीहरू अरूलाई सिकाउनुपर्छ भन्दैनथे । गाउँलेहरूले पढाइको महत्त्व बुझेका थिएनन् । घाँसदाउरा काट्ने र किसान बन्ने नै उनीहरूले लक्ष्य हुन्थ्यो ।

बालागुरुलाई सिङ्गो देशभरि पढ्ने-पढाउने विद्यालय नभएको देख्दा छटपटी भयो ।


भगवान्ले 'तँ सोच् म पुऱ्याउँछु भन्छन् रे' । भर्खरै व्रतबन्ध गरेका षडानन्दको बाटो देखाउन एउटी दमिनी आइपुगिन् । पृथ्वीनारायण शाहलाई बिसे नगर्ची (दमाई) ले सल्लाह दिएझैँ षडानन्दलाई पनि अनपढ दमिनीले केही अर्ति दिइन् । त्यसपछि उनी घरबाट निस्के । उनी पहिले जनकपुरतर्फ लागे । जनकपुरमा त्यसबेला केही पढेलेखेका गुरुहरू पाइन्थे । उनीहरूसँगै बसेर षडानन्दले संस्कृतका ग्रन्थहरू पढे । यति पढाइले नपुगेपछि उनी भारतको काशीमा गए । त्यहाँ उनले ठूलाठूला दर्शनशास्त्रको अध्ययन गरे । विभिन्न साधुसन्तको सत्सङ्ग गर्न थाले । योगी श्री भग्नीराम ब्रह्मचारीबाट सम्पूर्ण ज्ञान र दीक्षा प्राप्त गरे । यसपछि उनी संन्यासी भए ।



सम्पूर्ण शास्त्रज्ञान प्राप्त गरिसकेपछि उनलाई स्वदेशको सेवा गर्न मन लाग्यो । उनी आफूले सिकेका ज्ञानलाई प्रयोग गर्न काठमाडौँ आइपुगे । पवित्र नदी बागमतीका किनारमा उनले

ध्यान, योग र गायत्रीमन्त्रको अभ्यास (साधना) गरे । बाह्र वर्षसम्म नित्य साधना गर्दा षडानन्दको तपस्या सफल भएछ । उनको ज्ञान र शक्ति देखेर मानिसहरू उनलाई ठूलो आदर गर्न थाले ।

दिन बित्दै जाँदा षडानन्दले एकदिन सपना देखेछन् । उनले घर छाडेको धेरै वर्ष भइसकेको थियो । उनकी आमा रुक्मिणी देवीले सपनामा 'मेरो अन्तिम मुख हेर्न आऊ' भनेर बोलाइन् । आफ्नै आमाको आह्वान उनलाई विपनाजस्तो लाग्यो । उनी आफ्नी



Ac. 1071 C2

आमा भेट्न भोजपुर गए । आमाले बालागुरुमा छोरालाई देखेपछि यो संसार छाडिछन् । उनको सपना सत्य ठहरियो ।

आफ्नो गाउँघरका मानिसहरू अन्धविश्वासमा रुमल्लिएको देखेपछि उनलाई दु:ख लाग्यो । त्यहाँ उनले विद्यालय खोल्ने सङ्कल्प गरे । षडानन्दको आग्रहलाई कसैले अस्वीकार गरेन । सम्पूर्ण गाउँलेहरूको सहयोगमा उनले त्यहाँ संस्कृत विद्यालय खोले । त्यहाँ नि:शुल्क पढ्ने लेख्ने वातावरण बनाए । विद्यार्थीहरूलाई खानपिनको व्यवस्था गरिदिए । यस विद्यालयमा पढ्न टाढाटाढाका विद्यार्थी आउँथे । भोजपुर शिक्षाको केन्द्र बन्यो ।

आफ्नो जन्मभूमिमा ज्ञानको दीप बालेपछि उनी फेरि काठमाडौँ आए । यहाँ उनी योग, ध्यान र गायत्री जपमा नै डुबे । गायत्री मन्त्रमा उनको गहिरो विश्वास थियो । यही मन्त्रको अभ्यासबाट उनले कुनै मानिसले जे माग्यो त्यही पुऱ्याउन सक्थे भनिन्छ । उनको बोलीमा पनि शक्ति थियो । चुरोट, तमाखु खाने मानिसहरू उनको एकै वचनमा खान छाडिदिन्थे । उनी खराउ (काठको चप्पल) लगाएर पानीमाथि हिँड्न सक्थे रे । थोरै मानिसका निम्ति पकाएको खानाबाट सयौँ मानिसलाई तृप्त पार्थे रे ।

षडानन्दले दासप्रथा, सतीप्रथा हटाउनुपर्छ भनेका थिए- "सबै जातजातिले पढ्न पाउनुपर्छ, नारी पुरुष दुवैले पढ्नुपर्छ । स्वदेशको सेवा गर्नु नै सबैभन्दा ठूलो पुण्य कर्म हो । इर्ष्या, घमण्ड लोभले मान्छेको आँखामा पर्दा लगाइदिन्छ । त्यसबाट बच्न सकेमात्र मुक्ति पाइन्छ । जीवहरूमा उत्तम जीव मानिस हो । यसले धर्म, अर्थ, काम, मोक्षका लागि ईश्वरमा मन अर्पित गर्नुपर्छ । यी बालागुरुका अर्ती हुन् । यी उपदेशले हाम्रो समाजलाई सत्कर्ममा लाग्न बाटो देखाएका छन् । उनले निर्माण गरेका मठमन्दिर, धर्मशाला, विद्यालयहरूले अहिलेसम्म त्यहाँका जनतालाई शैक्षिक र आध्यात्मिक चेतना दिँदै आएका छन् ।

यस्ता ज्ञानी र परोपकारी महापुरुषको निधन ८१ वर्षको उमेरमा भयो । काठमाडौँको पचलीघाटमा ध्यान गर्दागर्दै उनी यस संसारबाट बिदा भए ।